■ विपद्‌मा मानसिक स्वास्थ्य समस्या

'विक्षिप्त भएकालाई सबै मिलेर सम्हालौं'



■ चमिना भट्टराई

प्राकृतिक विपत्ति पछि हुने क्षतिका अनेक प्रकार छन् । त्यसबाट हुने मानवीय र भौतिक क्षति तत्काल देखिएपंछि त्यसपछि हुने मानसिक स्वास्थ्यमा पर्ने असर कम हुँदैन । भर्खरै रसुवामा आएको भीषण बाढीपछि भएको धनजनको क्षति कल्पनाभन्दा बाहिर छ । अहिले पनि हजारौं मानिस बेखरको अवस्थामा छन् । उनीहरू कुन अवस्थामा भेटिने हो भन्न सकिने अवस्था छैन । भेटिएका मृत मानिस र घाइतेको संख्या बढ्दो छ । आफन्त गुमाएका र घरबारको नाम निसान नभएकाको पीडा कम दर्दनाक छैन ।

जब मानिसलाई संकट पर्छ त्यतिबेला हुने भौतिक क्षतिले पार्ने मानसिक असर कम हुँदैन । रसुवा बाढी पछि परेको प्रभावले पीडितलाई पार्न सक्ने मानसिक समस्यामा विज्ञहरूले पनि चिन्ता गर्न थालेका छन् । हुन त कुनै पनि विपत् सुखद् हुँदैन । त्यसले पार्ने प्रभाव सधैं दुःखद् हुने गरेको छ । पछिल्लो घटना अहिले आलो अवस्थामा छ । अहिले पनि त्रास र सासको आसमा रहेका आफन्तलाई भोक न तिर्खाको अवस्था छ । आफन्तको लास वा सासको खोजीमा अस्पताल भौंतारिरहेकाको पीडा कसैले कम गर्न सक्दैन । बाहिर हेर्दा बाढीले घैरैको परिवार समाप्त भयो, घर बगायो, दुःखले आर्जेको सम्पत्ति उजाड्यो भन्ने लाग्न सक्छ । यो सत्य पनि हो, तर, अहिले पनि को कहाँ कुन अवस्थामा होलान् भन्ने कुतुहलता छँदै छ । धनसम्पत्ति जोडिएला । तर गुमेको आफन्त न जोडिन सक्छन् न त्यसको अभाव कुनै राहतले पूरा नै गर्न सक्छन् ? त्यस्तो अवस्थामा बाँचेकाको मन कति विक्षिप्त भएको होला ? हामी कोही कसैले सोच्न पनि सक्दैनौं । त्यसले वर्षौं मात्रै होइन, बाँचुन्जेल पार्ने मानसिक असर कम पीडादायक हुँदैन । त्यसैले ती विक्षिप्त भएकालाई सबै मिलेर सम्हालौं ।

रसुवा बाढीले सिंगो परिवार गुमाउनेको संख्या धेरै छ । अझ कतिको त परिवारको एक वा दुई सदस्य मात्र जीवित रहेको अवस्था छ । परिवारमा एक्लिएका र त्यो कहालीलाग्दो दृश्य भोगेकाको मन, मष्तिष्क पनि भोटेकोसीको बाढीसरी बगेको छ । भोटेकोसीको तुफानमा बगेको उनीहरूको मथिंगल कसरी सामान्य रूपमा फर्कला धेरैको चासो र चिन्ता बनेको छ । बाढीबाट प्रभावित भएका मानिस सहज र सामान्य अवस्थामा फर्कन कसरी सक्लान् ? उनीहरूले बुधबार बिहानसम्म हाँसेको मुहारमा फेरि त्यही मुस्कान कसरी फर्कला ?

अकल्पनीय रूपमा आउने प्राकृतिक विपत्तिले गाँसबास उजाड्न सक्छ । भौतिक संरचना भत्किएर असहज बन्न सक्छ । त्योसँगै भत्केने र बग्ने मानवीय संवेदना कम हुँदैन । आफन्तसँगै ओत लाग्ने बास, गाँस र गरी खाने सबै स्रोत र साधन विलय हुँदाको कल्पना त कठिन हुन्छ भने, भोगाइ कस्तो होला ! केही क्षण अघिसम्म आफ्नै छेउमा बसेका आफन्तको नाम निसान नहुँदा र भोलि कसरी, केका आधामा जीवन धान्ने भन्ने कुराको कल्पना गर्ने ठाउँ नै नहुँदा कसको मन सम्हालिएला ! आज उनीहरूले भोगेको पीडा भोलि हामी जो कोहीलाई पर्न सक्छ । त्यसैले हाम्रो पनि समस्या हो, भन्ने भावनाका साथ जुटन जरुरी छ ।

बाहिरबाट हेर्दा आँखाले देख्ने मानवीय र भौतिक क्षति मात्रै होइन,भत्किएका भौतिक संरचना बन्लान् ? गुमेका सम्पत्ती आर्जन गर्न सकिएला । तर, गुमाएका आफन्त ? अझ अन्तमनले बाँचेका पो छन् कि ! बाँचेको भए कहाँ कुन अवस्थामा होलान् भनेर सम्झिरहने मनको चोट निको होला ?

उद्धार र राहतले बाहिर हेर्दा वा भोगाइको अनुभूति नगर्नैका लागि यामान्य लाग्ला । त्यसले तत्कालका लागि भोक मेटाउला ! बाहिरी चोट निको बनाउला । तर, त्यहाँको दृश्यले विक्षिप्त भएको मनलाई सम्हालन सक्ला ? भौतिक रूपमा दिइने राहतले मानसिक रूपमा परेको चोटको उपचार गर्न सक्ला ? यो निकै चोटिलो प्रश्न बनेको छ । आँखे अगाडि चिच्याउँदै बगेका आफन्त, उनीहरूको गुहारयुक्त चित्कारले पार्ने असर कम पीडादायी हुँदैन । यसले वर्षौंसम्म मानसिक समस्या पार्ने विज्ञ बताउँछन् ।

अझ कतिलाई सबै मरे, सबै सकियो म किन बाँच्ने ? भन्ने कुरा मनमा बरबार आउन सको विज्ञ बताउँछन् । बेलाबेलामा डराउने, झर्कने, तर्सिने, रोइरहने वा बर्बराउने जस्ता अवस्था आउन सको बताइन्छ । नराम्रो सपनाले त मानिसमा महिनौं असर पार्छ भने, यति ठुलो विपत्तीले पार्ने असर कम हुँदैन । नराम्रो सपनाकै कारण मानिस महिनौं पोलाल्तिन्छ, झोक्रिन्छ, कहीं कतै केही भइहाले पो हो कि भन्ने चिन्तामा पर्छ । भनिन्छ विपद् सूचनाका साथ आउँदैन । जो कोहीलाई पर्न सक्छ ।

जे गुमायौं गुमायौं, अब बाँचेकाको स्वास्थ्य कसरी राम्रो बनाउने ? उनीहरूका दैनिकी सहज बनाउन के गर्न सकिन्छ ? त्यसबारेमा सम्बन्धित निकायले ध्यान दिनु आवश्यक छ । विज्ञका अनुसार पीडामा परेका नागरिकलाई आफू सुरक्षित छु भन्ने अनुभूतिको आवश्यक हुन्छ । उनीहरूको मानसिक अवस्था र क्षतिका आधारमा सहयोग गर्नुपर्छ । घाइतेको उपचारजस्तै शोक र भयमा परेकाका लागि पनि मानसिक र भावनात्मक सहयोग अहिले आवश्यक छ । त्यो कहालीलाग्दो पीडाबाट बाँचेकालाई स्वस्थ बनाउने र भयरहित बनाउनु अहिलेको आवश्यक हो ।

विपत्तीबाट बाँचेकालाई बाँच्नौं यो पनि ठुलो कुरा हो । भन्ने अनुभूति दिलाउनु पर्छ । सुरक्षित आश्रय, खाना, स्वच्छ पानी, न्यानो कपडा, आवश्यक औषधि तथा परिवारका सदस्यको अवस्थाबारे जानकारी गराउनु पनि मानसिक राहत हुने विज्ञ बताउँछन् । उनीहरूको समस्या के हो पहिचान गर्ने र त्यस अनुसारको परामर्श गरी मन शान्त पार्ने प्रयास गरिनुपर्छ । पीडितको पीडा सुन्नु पनि सहयोग हुन सक्छ । धैर्यपूर्वक उनीहरूका पीडा सुन्ने, आलोचनाप्रति प्रतिकार नगर्दा पनि उनीहरूको मन शान्त हुन सक्छ ।

पीडितको छेउमा हुँदा आफू पनि पीडित जस्तै हुने,शान्तसंग उनीहरूको पीडा सुन्ने र अवस्था हेरेर सहयोग गर्दा पनि उनीहरूको मनलाई शान्त बनाउन सक्छ । बेचैन मनमा बाप पीडाभन्दा सहयोगको अनुभूति गराउनु पर्छ । कुनै पनि पीडामा परेको नागरिकलाई म पनि तिमीसँगै छु । यो विपत् सँगै सामना गर्नुपर्छ भन्ने अनुभूति गराउनुपर्ने विज्ञ बताउँछन् ।

विज्ञका अनुसार विपद्‌पछि देखिने धेरै मानसिक प्रतिक्रिया समयसँगै कम हुन सक्छन् । यद्यपि डर, चिन्ता, रहिरहतु,निद्रा नलाग्नु, दैनिकी सहज नबन्नु, दैनिकी लयलिंग बन्नु, जीवनमा निरासा पैदा हुनु जस्ता समस्या पछिसम्म रहीरहन सक्छ । त्यति मात्रै होइन कतिपयका त आत्महत्या गर्ने विचार आउनु वा अत्यधिक मदिराजस्ता कुरामा आकर्षित हुने अवस्था आउन सक्ने विज्ञ बताउँछन् । त्यसैले यस्तो अवस्थामा शरीरको बाहिरी चोटको उपचार जस्तै मनमा लागेको चोटको पनि उपचार आवश्यक हुन्छ ।

यस्ता विपत्‌पछि भौतिक संरचनाको पुनःनिर्माण मात्र होइन । मनको पनि पुनःनिर्माण आवश्यक हुन्छ । भौतिक संरचनाले सुविधा दिन सक्छ ! तर, त्यसले सुख शान्ति दिन सक्दैन । मनको शान्ति सबैभन्दा महत्त्वपूर्ण हुन्छ । विपद्‌पछि पुनःनिर्माण भनेको केवल सडक, पुल र घर बनाउनु मात्र होइन । मानिसको मनमा परेको घाउ निको हुनु पनि आवश्यक हुन्छ । विपद्‌मा परेको सानो समस्यामा आफू जोडिन सक्दा त्यसले ठुलो राहत गराउन सक्छ । राहत भनेको खान दिनु, औषधि दिन, आड डाकी दिनु मात्रै होइन । दुःखेको मनमा मल्हमपट्टी गर्नु पनि हो । त्यसले पीडितको मन शान्त बनाउन सक्छ । खलबलिएको मन एक ठाउँ ल्याउन सक्छ । यति केला पीडितका लागि राहत मात्रै होइन, सहानुभूति र उनीहरूको मानसिक स्वास्थ्यप्रति पनि सचेत हुन आवश्यक रहेको विज्ञहरू बताउँछन् ।

यस्ता दुर्घटनाले शरीमा मात्रै घाउ बनाउँदैन । मानिसको मनमा पनि गहिरो चोट पुऱ्याउँछ । त्यस्ता चोट, दीर्घ रोगजस्ता पनि हुन सक्छ । हाम्रो वातावरण र वरपर बस्नेको व्यवहारले ती चोट निको बनाउने कि गहिरिँदै जाने भन्ने हुन सक्छ । गम्भीर विपद्‌बाट उद्दने प्रवासमा रहेकाहरु लागि भौतिक पुनःनिमाण मात्रै होइन, सहानुभूति, सायसहयोग र संवेदनाको आवश्यकता छ । भौतिक निर्माणका लागि ईटा, सिमेन्ट र छडले काम गर्लान् तर भावना र सद्भावले गर्ने काम त्यो भन्दा धेरै टुलो हुनेछ । पीडितलाई सबै प्रकारका समस्याबाट माथि उठाउन र बाँचेकाको मानसिकतामा नकारात्मक असर नपार्न सबैले आफ्नै पीडाको अनभूतिका साथ सहयोग र व्यवहार गर्नु आवश्यक छ ।

पीडितमा मनोसामाजिक समस्या आउन सक्छ

प्राडा सरोज ओझ,
मानसिक रोग विशेषज्ञ

यस्ता विपत्तिमा मानिसले गुमाएका आफन्त र धनजनका कारण विभिन्न मनोसामाजिक समस्या आउन सक्छ । यस्ता घटनामा राहत भनेको खान, बस्न मात्रै होइन । हाम्रोमा उपचार भनेपछि शरीरको बाहिरी घाउ वा चोटपटकको उपचार बुझ्ने गरिन्छ । त्यो पनि आवश्यक हुन्छ । ती सबै कुरा भनेको पहिलो चरणमा प्राथमिक उपचार र राहत हो । तर, त्यतिले मात्रै पुग्दैन । यो घटनाले भोलिको दिनमा ठुलो मनोसामाजिक समस्या आउन सक्छ । भोटेकोसी बाढीमा भएको जनधनको क्षति कल्पनाभन्दा धेरै बाहिरको कुरा हो । धेरै ठुलो मात्रामा जनधनको क्षति भएको छ । कतिको बाँच्ने आधार छैन । परिवारका एक जना मात्रै बाँचेको वा धेरै सदस्य बाँचेको अवस्था छ । यस्तो अवस्थामा उनीहरूलाई खान, बस्न र शरीरको बाहिरी उपचारले मात्रै पुग्दैन । यी सबै कुराले तत्कालका लागि सहयोग होला । तर, दीर्घकालीन रूपमा पार्ने असर अझ ठुलो हुनेछ । त्यसैले यसमा राज्यले ध्यान दिएर मनोसामाजिक विज्ञलाई परिचालन गर्नु आवश्यक छ ।

बाढीमा परेर धेरै मान्छेले आफ्ना परिवार गुमाएका छन् । त्रासदीपूर्ण अवस्थाबाट मरौं मरौं भनेर बाँचेका धेरै छन् । उनीहरूलाई त्यसले पार्ने असर भनको तत्कालीन र दीर्घकालीन हुने छ । अहिले जो बाँचुभएको छ अब बिस्तारै उहाँहरूले आफन्त खोज्ने आफ्नो सम्पत्ति खोज्ने क्रम सुरु हुन्छ । पहिला त आफू बाँधे भन्ने हुन्छ, त्यसपछि आफन्त र आफ्नो सम्पत्ति नभेट्दा एक्लो भएको, सबै गुमाएको महसुस हुन्छ । त्यसपछि मनोसामाजिक असर पर्न सक्ने अवस्था आउँछ । औंखाअगाडि भएको घटनाले मनमा शोक पैदा गराउँछ । यस्ता अवस्थामा मनमा डर पैदा हुने, रिस उठ्ने, शक पैदा हुने, टाउको दुख्ने, निन्द्रा नलाग्ने, दिक्क लाग्ने जस्ता समस्या हुन सक्छ । यस्तो अवस्थामा बिरामी भएँ वा मलाई मानसिक रोग लाग्छ भन्ने सोच्नु हुँदैन । यस्तो अवस्था आउनु भनको एकप्रकारको शरीरको प्रतिक्रिया हो । यस्ता ठुला घटना पछि आउने सामान्य प्रतिक्रिया हो भनेर बुझ्नुपर्छ । तर, यो अवस्था बिस्तारै त्यो अवस्थालाई सहन गर्न नसकेर शारीरिक, मानसिक र मनोवैज्ञानिक लक्षणहरू आउन सक्छ । कतिलाई मन डराउने एन्टाइटिकको लक्षण देखिन सक्छ । कसैलाई घटनाको दृश्य बारबार दिमागमा आउने, उदास हुने डिप्रेसन हुने जस्ता समस्या आउन सक्छ ।

बी सबै समस्या आउन बदिका लागि राज्यले अन्य उद्धार र राहतका साथै मनोपरामर्श, मनोबिद् वा मनोचिकित्साकद्वारा उपचार गराउनु पर्छ । त्यसका लागि त्यस्ता परिवारको पहिचान गरी सहयोग गर्ने । उनीहरूको व्यवस्थापनमा सहयोग गर्ने । विज्ञद्वारा मनोविज्ञान बलियो बनाउनेतिर लाग्नुपर्छ । जस्तो ध्यान, योग गराउने गर्नुपर्छ । अहिलेका लागि मात्रै होइन भोलिका दिनमा त्यस्ता ठाउँमा बस्ने नागरिकलाई मनोसामाजिक समस्या नआओस् भन्नेमा सबैको ध्यान जानु आवश्यक छ । उनीहरूलाई आँखाले देखेको र भोगेको घटनालाई सम्हाल सक्ने आत्मबल बनाउन आवश्यक छ । आत्मविश्वास, सामाजिक धैर्यता जनाउनु पर्छ । तपाईंको पीडामा देश छ । हामी सबै छौं भन्ने विश्वास दिनुपर्छ । यसका साथै अवस्था हेरेर पहिचान गरी आवश्यक भएकालाई उपचार पनि गर्नुपर्छ ।

Phalgunanda Rural Municipality
Office Of Rural Municipal Executive
Phaktep, Panchthar
Koshi Province, Nepal

Invitation for Bids

Date of publication: 2083-05-16

1. The Phalgunanda Rural Municipality office invites hard copy bids from eligible bidder's for the procurement of following project under national competitive bidding procedures specified in public procurement Act and Regulation.

Contract Identification No	Description of Works	Bid Security Amount (Nrs.)	Estimated Amount (Nrs.) exluding VAT, including PS and Excluding contingency	Bid Fee Rs.	Bank Detailed
PRMW/NCB/ 01/2083/84	Construction of siddeswari secondary school building works. Phalgunanda-04	1,20,000.00	41,24,405.2	3,000.00	GA- 3.1 06901400250023 (Dharauti Account for Bid Security Amount) GA- 1.1 06901400250108 (For the fee of Bid Document)

2. Eligible bidder's may be obtained further information on bidding documents at the office of Phalgunanda Rural Municipality Phaktep, Panchthar.
3. Complete set of Bidding documents may be purchased from the office of phalgunanda Rural Municipality panchthar. and the office of Phalgunanda Rural Municipality by eligible Bidders on the submission of a written application along with the copy of company/firm registration certificate, Tax Clearance or Extension letter, business registration ,business renewal copy and upon payment of non-refundable bid documents fee till 2083-06-06 till 11:00 am.
4. Sealed must be submitted to the office Phalgunanda Rural Municipality panchthar by hand 12 PM on 2083-06-06. Bids receive after this deadline will be rejected.
5. The bid will be opened in the presence of Bidder's representatives who close to attend 1:00 PM on 2083-06-06 at the office of Phalgunanda Rural Municipality . bid must be valid for 90 days from the

नबिल बैंक लिमिटेड, बुटवल शाखा, रुपन्देहीको तपसिलमा उल्लेखित ऋणीलाईकर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८३/०५/१६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिई गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिई गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेका गर्दा समेत सोको कुनै वास्ता नगरी चालो नदेखाई ऋण दायित्व कर्छ्यौट गर्न तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य देयस्तर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरकारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बकौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्तालै बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिसिन्कका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य संक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरूलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयभ्रवधी भित्र आफूले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज देयस्तर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सुचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्योहरा समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण

बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय बुटवल - रुपन्देही प्र.नं. प्रदेश, नेपालमा मिति २०७७/०६/१५ गते दर्ता नं.६३/१७/०७७/०७८ अन्तर्गत दर्ता भई रुपन्देही जिल्ला बुटवल उप-महानगरपालिका वडा नं. १७ मोतिपुरमा रजिस्टर्ड कार्यालय रहेको नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय बुटवलमा मिति २०७५/०५/१९ गते स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं.६०८३८२२०८५ अन्तर्गत दर्ता भएको **कृष्ण पौल्टी फर्म** । ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. १७, मोतिपुर ।

ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण:

जंगी थारुको नाति, सत्य नारायण थारुको छोरा, रुपन्देही जिल्ला मोतिपुर गा.वि.स. वडा नं.०४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. १७ बस्ने, ना.प्र.नं.११५५७ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.रुपन्देही जारी मितिः वि.सं. २०५७/०६/१३), भएकी **कृष्ण बहादुर थारु** ।

व्यक्तिगत जमानतकर्ताको विवरण

१. जंगी थारुको नाति, सत्य नारायण थारुको छोरा, रुपन्देही जिल्ला मोतिपुर गा.वि.स. वडा नं.०४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. १७ बस्ने, ना.प्र.नं.२४८६५८ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.रुपन्देही जारी मितिः वि.सं. २०६१/०१/०८), भएको **काशीराम चौधरी** ।
२. सत्य नारायण थारुकी बुहारी, कृष्ण बहादुर थारुकी पत्नि, रुपन्देही जिल्ला मोतिपुर गा.वि.स. वडा नं.०४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. १७ बस्ने, ना.प्र.नं.३००३० नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का रुपन्देही जारी मितिः वि.सं. २०६२/०१/२०), भएकी **जवन्ती थारु** ।
३. सत्य नारायण थारुकी बुहारी, काशीराम चौधरीकी पत्नि, रुपन्देही जिल्ला मोतिपुर गा.वि.स. वडा नं.०८ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. १७ बस्ने, ना.प्र.नं.३७३०२६/९५ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.रुपन्देही जारी मितिः वि.सं. २०६३/१०/२२), भएकी **देवी चौधरी** ।
४. जंगी थारुकी बुहारी, सत्य नारायण थारुकी पत्नि, रुपन्देही जिल्ला मोतिपुर गा.वि.स. वडा नं.०४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. १७ बस्ने, ना.प्र.नं.६/६/२०७५ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.रुपन्देही जारी मितिः वि.सं. २०४६/०२/१७), भएकी **मिखनी थारु** ।

धितोको विवरण

कृष्ण बहादुर थारु, काशीराम चौधरी र मिखनी थारुको संयुक्त नामबा दर्ता भई यस बैंकको पक्षमा इण्टिक्चभ्रक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला नाविक मोतिपुर गा.वि.स वडा नं.४ हाल : रुपन्देही जिल्ला बुटवल